स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री पूजा शर्मा यस वर्ष विवाह बन्धनमा बाँधिने भएकी छन् । आगामी विजयादशमीमा उनले प्रेमी युद्ध बानियाँसँग लगनगाँठो कस्ने योजना बनाएकी छन् । उनी स्वयंले दशैंमा विवाह गर्न लागेको जानकारी दिइन् । उनका अनुसार , दशैंकै दिन विवाहको तयारी भैरहेको छ । यसपटक आगामी कात्तिक ७ गते दशैं परेको छ । यही मितिमा प्रेमी युद्धसँग उनले विवाह गर्न लागेकी हुन् । पूजा र युद्ध करिब ३ वर्षदेखि प्रेम सम्बन्धमा छन् । अहिले पूजा फिल्म 'दान्भी'को छायांकनमा व्यस्त छिन् ।

आजको विचार...



खगेन्द्रराज सिटौला

आयातले...

(दुई पेजमा)



गायक तथा फिल्म अभिनेता आमेश भण्डारी र गायिका समीक्षा अधिकारी पछिल्लो समय टिकटकमा निकै हिट छन् । टिकटक भिडियोमा यी दुईको केमेस्ट्री पनि देख्न सकिन्छ । एकअर्कालाई साथी भन्दै बथडि विस पनि गरिरहेका हुन्छन् । यी सबथोक हेर्दा यी दुईबीच निकटता रहेको बुझ्न कठिन छैन । हालैको अष्ट्रेलिया भ्रमणमा यी दुईले रमाइला टिकटक बनाएर पोस्ट गरिरहेका थिए । यतिबेला आमेश घर फर्किएका छन् । यही क्रममा एक टेलिभिजनलाई अन्तर्वार्ता दिंदै उनले प्रस्ताव आए समीक्षासँग विवाह गर्न आफू तयार रहेको समेत बताए ।

❒ वर्ष २८ ❒ अंक ३३५ ❒ २०८० असार १८ गते सोमबार 3 July 2023, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# रोजगारी सिर्जना हाम्रो प्राथमिकता : मुख्यमन्त्री चौधरी

**हाम्रा संवाददाता** —

**पाल्पा,** असार १७/लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले रोजगारी सिर्जना प्रदेश सरकारको प्राथमिकता रहेको बताएका छन् । आइतबार पत्रकार महासंघ पाल्पाले आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै उनले उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी रोजगारी सिर्जना गर्ने कार्यक्रमहरूलाई प्राथमिकतामा राखिएको बताएका हुन् ।

मुख्यमन्त्री चौधरीले आगामी वर्षको नीति तथा कार्यक्रममा समेत रोजगारी सिर्जना गर्ने कार्यक्रमहरूलाई उच्च प्राथमिकतामा राखिएको बताए । उनले भने 'जनतासँग प्रत्यक्ष जोडिने गरी प्रदेश सरकारसँग जे-जस्ता स्रोत छन् त्यसलाई नै उपयोग गरी रोजगारीको अवसर सिर्जना गर्नेतर्फ




हामी लागेका छौं ।' जनताको आर्थिक अवस्थामा सुधार भए मात्र प्रदेश समृद्ध हुने भन्दै रोजगारमूलक कार्यक्रम केन्द्रीत गरिएको उनको भनाई छ । 'विपन्न, महिला, अदिवासी, जनजातिको जीवनस्तर नसुधारिएसम्म्म मुलुकले आर्थिक विकास गर्न सक्दैन' मुख्यमन्त्री चौधरीले भने । उनले जनतालाई आर्थिक रुपमा सक्षम गराउँदै प्रदेशको समृद्धिमा प्रदेश सरकार जुटेको बताए । मन्त्री चौधरीले ग्रामीण क्षेत्रका जनतालाई विकासको अनुभव हुनेगरी प्रदेश सरकारले काम गरेको समेत बताए । समयमै किसानले मल नपाउने विषयमा प्रदेश सरकार संवेदनशील रहेको पनि उनले बताए । मुख्यमन्त्री चौधरीले किसानलाई समयमै मल उपलब्ध गराउने विषयमा प्रधानमन्त्रीसँग कुरा गरेको र मल सहज बनाउने विषयमा सकारात्मक रहेको धारणा व्यक्त गरे । उनले प्रदेश सरकारसँग जनताको अपेक्षा धेरै भएको बताए । चौधरीले संघीयता लागू हुनुपूर्व सिंहदरबारमै सबै अधिकार रहेको र अहिले प्रदेश सरकार घरदैलोको सरकार बनेको धारण व्यक्त गरे । उनले संघीयता कार्यान्वयनमा देखिएका समस्या समाधानका लागि प्रधानमन्त्री पुष्पकमल दाहालको अध्यक्षतामा पोखरामा बसेको राष्ट्रिय समन्वय परिषद्को बैठकमा बृहत छलफल भएको समेत बताए । मुख्यमन्त्री चौधरीले संघीय सरकारले प्रदेश सरकारलाई संविधानमा भएका अधिकार कटौती गरेको बताउँदै बैठकमा संघीयता लागू भएपनि प्रहरी, प्रशासनिक क्षेत्र, शिक्षा नियमावली, प्राकृतिक स्रोत र साधनको बाँडफाँडका विषयमा कुरा उठाएको बताए ।

'अब एकखाले प्रदेश स्थापित भइसकेको छ,' उनले भने, 'प्रदेश सरकारका विषयमा कुरा उठ्नुपर्छ । उठाएका विषयलाई औचित्य पुष्टि गर्दै जाने हो । प्रजातन्त्रमा कुरा उठेन भने समाधान पनि निस्कँदैन ।' फरक प्रसंगमा उनले पाल्पाको विकासको मुख्य मेरुदण्ड भनेको पर्यटन रहेको बताए । पर्यटनको माध्यमबाट पाल्पाको विकास हुनेमा मुख्यमन्त्री चौधरीले विश्वास व्यक्त गरे । पर्यटनको विकासका लागि लुम्बिनीदेखि पाल्पा, पोखरा हुँदै मुक्तिनाथसम्म जोडिने गरी बुद्ध सर्किटको रुट बनाउन लागेको समेत उनले बताए । आफ्नो नेतृत्वमा रहेको प्रदेश सरकार सञ्चारमैत्री भएको र सरकारले सञ्चार संस्थालाई उपलब्ध गराउने रकम कार्यविधी तयार गरी सञ्चारसँग आवद्ध संस्थाहरु बीच समन्वय गरी समानुपातिक रुपमा वितरण गरिने मन्त्री चौधरी बताए । कार्यक्रममा सञ्चारकर्मीको जवाफमा मन्त्री चौधरीले भने तानसेनमा प्रदेश सरकारले निर्माण गरेको साँस्कृतिक डवली अब छिट्टै तानसेन नगर सरकारलाई हस्तान्तरण गर्ने तयारी भएको बताए ।

कार्यक्रममा पत्रकार महासंघका उपसभापति भरत शर्मा, महासंघका सल्लाहाकार गोविन्द भट्टराई, सदस्य विष्णु घिमिरे, नारायण न्यौपाने लगायतले आ-आफ्नो जिज्ञासा राखेका थिए । पत्रकार महासंघका अध्यक्ष रेखीराम रानाको अध्यक्षता, सचिव यज्ञमूर्ति तिमिल्सीनाको सञ्चालनमा कार्यक्रम भएको थियो ।


## सक्षिप्त समाचार

### एसइई नतिजा यसै हप्ता आउने

**पाल्पा,** असार १७/राष्ट्रिय परीक्षा बोर्डले २०७९ सालको माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजा यसै हप्ता सार्वजनिक गर्ने तयारी गरेको छ । बोर्डले असार २३ गतेभित्र एसइईको नतिजा सार्वजनिक गर्ने गरी काम गरेको जनाएको छ ।

नतिजा रुजु र इन्ट्री गर्ने काम भइरहेको बोर्डले जनाएको छ । अन्तिम रुजु र इन्ट्री गर्ने प्राविधिक प्रकृतिको काम भएकाले लक्ष्य पूरा नै हुन्छ भन्ने एकिन हुँदैन । प्राविधिक समस्या नआए नतिजा प्रकाशन अर्को साता धकेलिन पनि सक्ने बोर्डका कर्मचारीले बताए । गत चैत १७ गतेदेखि सञ्चालित परीक्षामा ४ लाख ८५ हजार ३ सय ९६ विद्यार्थी सहभागी थिए । लेटर ग्रेडिङ निर्देशिका- २०७२ वा २०७८ अनुसार कुनमा नतिजा सार्वजनिक गर्ने समेत टुंगो लागिसकेको छैन । बोर्डको बैठकले मात्र त्यस विषयमा निर्णय गर्ने व्यवस्था छ । आइतबारसम्म बैठक डाकिएको छैन् । गत वर्ष लेटर ग्रेडिङ निर्देशिका २०७८ कार्यविधि लागू भए पनि २०७२ अनुसार नै नतिजा प्रकाशित गरिएको थियो । यसपाली एसइई दिने विद्यार्थी पुरानो पाठ्यक्रमको अन्तिम व्याच हुन् । त्यसैले पुरानो निर्देशिका (२०७२) अनुसार नै नतिजा प्रकाशन हुनुपर्नेमा धेरैको जोड छ ।

## आज गुरु पूर्णिमा, गुरुजनप्रति श्रद्धाभाव प्रकट गरी मनाइँदै




**पाल्पा,** असार १७/आज असार शुक्ल पूर्णिमा अर्थात् गुरु पूर्णिमा । यस दिन गायत्री, दीक्षा, वेद मन्त्र सुनाउने र शिक्षा प्रदान गर्ने गुरुजनप्रति सम्मान भाव प्रकट गर्ने गरिन्छ । आजको दिन आफूलाई शिक्षा दिने, मन्त्र दिने गुरुलाई सम्मान गर्ने दिन हो । आज पूर्णिमा व्रत व्यास पूजा जयन्ती हो । गुरुलाई आमा-बुबा सरह सम्मान गर्ने प्रचलन छ ।

ज्ञानरुपी प्रकाशले अज्ञानरुपी अन्धकारको नाश गराउने व्यक्तिलाई गुरु भनिने तन्त्रशास्त्र र धर्मशास्त्रका पुस्तकमा उल्लेख गरिएको छ । अन्धकारको नाश गरी जीवनमा उज्यालो फैलाउने व्यक्तित्वलाई नै गुरु भनिन्छ । यस्ता गुरुलाई हाम्रो शास्त्रले ब्रह्मा, विष्णु र महेश्वरका रुपमा समेत मानेको छ । माता पिताजस्तै गुरुलाई पनि देवता समान मानी 'आचार्यदेवो भव:' भनिन्छ । गुरुपूर्णिमाका अवसरमा आज विद्यालय एवम् विभिन्न संघ-संस्थाले कार्यक्रम गरी शिक्षादीक्षा दिने गुरुप्रति श्रद्धाभाव प्रकट गर्दैछन् । आजै वेदलाई ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद गरी चार भागमा विभाजन गरी यसको अर्थ बुझाउन सरल संस्कृत भाषामा १८ पुराण र १८ उपपुराणको रचना गर्नुहुने वेदव्यासको सम्झनामा व्यास जयन्ती पनि मनाइन्छ ।

आषाढ शुक्ल पूर्णिमाकै दिन वेदव्यास जन्मिएकाले यसै दिन व्यास जयन्ती मनाउने गरिएको हो । व्यासले पुराण र उपपुराणका माध्यमबाट 'परोपकार पुण्याय, पापाय परपीडनम' अर्थात् अरुको उपकार गरे धर्म हुन्छ एवम् अरुलाई पीडा दिए पाप लाग्छ भनि मानवतावादी सन्देश दिएका छन् ।

## मुट्ठीदानबाट रामपुरको मदरसा विद्यालय सञ्चालन

**सुशीला रेग्मी (रासस)** —

**रामपुर (पाल्पा),** असार १७/ पाल्पा रामपुर नगरपालिका-४ स्थित इस्लामपुरमा रहेको मदरसा नुरुल हुदा आधारभूत विद्यालय एक नमुना धार्मिक विद्यालय हो । जहाँ मुस्लिम समुदायका बालबालिकालाई शिक्षा दिन चन्दा उठाएर, विद्यार्थीबाट मुट्ठीदान संकलन (जकात फण्ट) गरी विद्यालय सञ्चालन गरिएको छ ।

यस विद्यालय रामपुरको दश उत्कृष्ट विद्यालयभित्र पर्दछ । हरेक हप्ताको बिहीबार विद्यार्थीले घरमा उत्पादन भएका विभिन्न अनाज विद्यालयमा लैजाने गर्दछन् । 'हरेक बिहीबार विद्यार्थीले घरमा उत्पादन भएका अनाज लिएर आउँछन् । बिहीबार विद्यालय आउँदा अनिवार्य केही न केही घरबाट लिएर आउनुपर्ने हुन्छ', विद्यालयका सहायक प्रधानाध्यापक मोहम्मद सलिमले भने । विद्यार्थीले आफूले सकेको अनाज लिएर



आउने र उक्त अनाज संकलन गरेर विद्यालयको छात्रावासमा बसोबास गर्ने विद्यार्थीका लागि खाद्यान्नका रुपमा प्रयोग गरिने उनले जानकारी दिए । सलिमका अनुसार विद्यार्थीले गरेको मुट्ठीदानबाट छात्रावासमा बसोबास गर्ने विद्यार्थीलाई खाद्यान्न व्यवस्थापनमा सघाउ पुगेको छ । 'विद्यालयले मुट्ठीदान ल्याउन अनिवार्य गरेको छैन । दैनिक विद्यालय अध्ययन गर्न आउने विद्यार्थीले स्वेच्छाले घरबाट अनाज मुट्ठीदानका रुपमा ल्याउने गरेका छन्', उनले भने । विद्यार्थीले ल्याएको मुट्ठीदानबाट संकलित अनाजले छात्रावासमा बसोबास गर्ने विद्यार्थीका लागि करिब चारदेखि छ महिनासम्म खाद्यान्न व्यवस्थापन हुने विद्यालयले जनाएको छ ।

यस धार्मिक विद्यालयमा मुस्लिम समुदायका बालबालिकाले मात्रै अध्ययन गर्दछन् ।

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## गुरु पूर्णिमाको सार्थकता

आज गुरु पूर्णिमा हो । हरेक वर्ष आषाढ शुक्ल पूर्णिमाका दिन गुरु पूर्णिमा पर्दछ । आफूलाई शिक्षा प्रदान गर्ने गुरुप्रति श्रद्धाभाव प्रकट गरी यो मनाउने गरिन्छ । वैदिक धर्मग्रन्थ महाभारतका रचयिता वेद व्यासको जन्मजयन्तीका अवसरमा वैदिक कालदेखि नै मनाउने गरिएको ब्यास जयन्तीलाई गुरु पूर्णिमाका रूपमा लिने गरिएको हो । वेदव्यासले वेदान्त, अठार पुराण, उपनिषद् लगायतका धार्मिक ग्रन्थ लेखी हिन्दु संस्कृतिलाई ठूलो गुन लगाएको मानिन्छ । संस्कृत शब्द गुरुको शाब्दिक अर्थ गुको अर्थ अन्धकार र रु को अर्थ प्रकाश भन्ने हुन्छ । गुरु शब्दको विग्रह गर्दा 'गिरति अज्ञानं इतिः गुरु' अर्थात् अज्ञानलाई हटाएर ज्ञान प्रदान गर्ने व्यक्ति नै गुरु हुन् । आफूलाई शिक्षा प्रदान गर्ने गुरुको सम्मानमा शिष्यहरूले विभिन्न मिष्ठान्न भोजनका साथ श्रद्धाभाव प्रकट गर्ने परम्परा रही आएको र गुरुलाई आमा बुवा सरह मान्ने प्रचलन छ । गुरुलाई जताबाट अर्थ लगाए पनि उच्च स्थानमा राखिएको छ । जुनसुकै खालको विद्या वा शिक्षा प्रदान गर्ने व्यक्ति, शिक्षक अध्यापक, संगीतकला आदि सिकाउने व्यक्ति, गायत्री मन्त्र वा वेदमन्त्र र दीक्षा मन्त्रको रुपमा दिने व्यक्ति, बुद्धि बल, उमेर विद्या आदिमा श्रेष्ठ तथा आदणीय, मान्यजन वा पुज्य व्यक्ति सबैलाई गुरु भनेर सम्बोधन गरिएको छ ।

हामीले प्राप्त गरेको शिक्षा होस् चाहे हाम्रो सभ्यता र संस्कृतिको विकासको क्रमका कुराहरु होउन गुरुको योगदान र महत्वलाई बिर्सन मिल्दैन । यो संसारमा जति पनि योग्य र गुणवान व्यक्तिहरुको नाम हामी सुन्दछौं ती सबै गुरुको बचन शिक्षा तथा मेहनतले उच्च स्थानमा पुग्न सफल भएका हुन् । विनागुरु यो दुनियाँमा कोही पनि उच्चपदस्थ व्यक्ति बन्न सकेको पाइँदैन । मानव जीवनका कुरा मात्र होइन देवताका पनि गुरु भएको कुरा विभिन्न पुराण तथा शास्त्रहरुमा उल्लेख भएको पाइन्छ । अज्ञानरुपी अन्धकारबाट ज्ञानतर्फ डोऱ्याउने गुरु र गुरुत्वको सम्मान र स्मरण गर्नु आफैमा राम्रो परम्परा हो । वैदिक सनातनी हुन् वा बौद्ध, इसाई वा इस्लाम सबैको जीवनमा गुरू र गुरूत्वको महत्व समान हुन्छ । उनीहरुकै कृपा र सहयोग भएमात्र मानवजातिले ज्ञान, सीप ग्रहण गर्दछ । त्यही ज्ञान र सीपका आधारमा जीवन गति र व्यवहार सञ्चालन हुन्छ । यसअर्थमा गुरू औपचारिक ज्ञान दिने मात्र होइन आफूभन्दा उमेर, ज्ञान, सीप र चेतनाले जो अघि छन् ती सबै गुरू हुन् । गुरूको पूजा भनेकै ज्ञान र सीपको पूजा हो । मानिसलाई ठीक–बेठीक, सत्य–असत्य, न्याय–अन्याय, प्राकृतिक र कृत्रिमको भेद सिकाउने चेतना नै गुरूत्व हो । आजको दिन गुरुप्रति भक्ति प्रकट गर्नेहरुका लागि अति उत्तम हो । तर यो अवसर आज मात्र लिने होइन, सधैँभरी लिनुपर्छ । गुरुको सम्मान एक दिन मात्र होइन सधैंव गर्न सकियो भने मात्र गुरु पूर्णिमा मनाउनुको सार्थकता रहन्छ ।

## Opinion @ Social Network

मलाई मृत्युसँग भन्दा यादसँग बढी डर लाग्छ । मृत्युले एक पटक मार्छ तर, यादहरुले अतित पल्टाइ–पल्टाइ सम्झाइ–सम्झाई पटक–पटक मार्छ ।
(**मिला दरैको फेसबुक स्टाटस** *https://www.facebook.com/mk.mila)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# आयतले थला पर्दै गएको अर्थतन्त्र र बदल्ने मन्त्र



**खगेन्द्रराज सिटौला**

नेपालको एकीकरण चरण अघि बढिरहेको तर सम्पन्न नभइ सकेको अवस्थामा नै नेपालको भावी आर्थिक नीतिको स्पष्ट खाका आइसकेको थियो । नेपाल एकीकरण अभियानका नायक राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले नेपाली अर्थतन्त्रको मुल चरित्र निर्यात मुलक हो र त्यसैलाई जोड दिनुपर्ने नीति विचार अघि सारेको थिए । अर्थात् नेपाली उत्पादन तथा वस्तुहरु निर्यात गरेर विदेशी मुद्रा आर्जन गर्ने र अर्थतन्त्र बलियो बनाउने भन्ने थियो । व्यापार घाटाको अर्थतन्त्र नभएर नाफाको अर्थतन्त्रको पक्षमा थियो स्वदेशवादी अर्थतन्त्रको पक्षपाति पृथ्वीविचार । तर आज त्यस्को उल्टो भएको छ नेपाली अर्थतन्त्रको दिशा र दशा । हाम्रो निर्यात क्षमता अत्यान्तै कमजोर भएर गएको छ भने असन्तुलित आयतले गर्दा हाम्रो नेपाल विदेशीहरुको बजार भएर गइरहेको छ । जसले नेपालको व्यापार घाटालाई दिन २ गुना रात चौगुना बढाएर लगिरहेको छ । राष्ट्रनिर्माताले भनेको भन्दा ठिक उल्टो आयत गर्नु नगद बाहिर पठाउनु भएको छ । उनको त वस्तु तथा उत्पादन बाहिर पठाएर नगद देशभित्र भित्र्याउनु भन्ने थियो ।

राजनीति परिवर्तनको सार र धार भनेको देशको उत्पादन क्षमता र निर्यात क्षमतालाई कमजोर बनाउनु भन्ने त अवश्य होइन वरु हो त्यसलाई झन बलियो बनाएर लानु । तर त्यसो भएको छैन नेपालमा । हाम्रो उत्पादन क्षमता र निर्यात क्षमता कमजोर भएर गइरहेको छ हरेक राजनीति परिवर्तन पछि । हामी हाम्रै उत्पादनले आत्मनिर्भर भएर निर्यात समेत गरिरहेका उत्पादन समेतमा पर निर्भर भएका छौं । हिजो निर्यात गरिरहेका वस्तुहरु पनि आज आयत नगरी बाँच्न नसक्ने अवस्थामा गइरहेका छौं । तथ्यांक केलाऔं व्यापार घाटाको उल्टो यात्रालाई सुल्टो बनाउने उपायाको खोजी गरौं । जुन उपायाले नेपाली अर्थतन्त्रलाई बलियो बनाउन सकोस् । कृषि उत्पादनबाट सुरु गरौं । यता पछिल्लो समयमा नेपालमा विदेशबाट अरबौंको खाद्य पदार्थ आयत भइरहेको छ । भनिन्छ नेपाल कृषि प्रधान मुलुक हो । विडम्बना यही कृषिप्रधान मुलुकमा नै यति धेरै खाद्यान्न आयत गरेर नेपालको व्यापार घाटा बढाउन योगदान दिइरहेको छ । नेपालको सधैं यो अवस्था थिएन । हिजोका निरंकुश भनिएका राणा शासन र पञ्चायती शासनको समयमा नेपाल यो अवस्थामा थिएन । त्यसबेला नेपालले खाद्य पदार्थ निर्यात गर्दथ्यो । यही खाद्यान्नको निर्यात भएको कारणले त्यसबेला नेपाल अहिले जस्तो व्यापार घाटामा नभएर नाफामा थियो । विगतमा फर्केर हेर्दा यस्तो तथ्यांक हामी देख्न पाउछौं जसलाई पत्याउन गाह्रो पर्दछ । सन् १९१३/१४मा अर्थात् राणाकालमा नेपालको भारतसँगको व्यपार घाटा नाफाको सन्तुलन नेपालको पक्षमा थियो । अर्थात् भारतसँगको व्यापारमा नेपाल नाफामा थियो भने भारत घाटामा थियो । त्यसबेलाको मूल्यमा नेपालबाट भारतमा ४ करोड भन्दा बढी मुल्यको वस्तुहरु निर्यात भएको थियो भने भारतबाट २ करोड भन्दा बढी मुल्यका वस्तुहरु नेपालमा आयात भएका थिए । त्यो एउटै आर्थिक वर्षको तथ्यांकले पनि समग्र राणाकालको नेपाल भारत व्यापार आयत निर्यात वा नाफा घाटाको एउटा झलक दिन्छ । राणाकालमा नेपालबाट भारतमा निर्यात हुने प्रमुख वस्तुमा कृषि उत्पादन नै थियो । अर्थात् तेसबेलामा नेपालबाट भारतमा निर्यात हुने प्रमुख वस्तुहरुमा धान,चावल, दाल, जुट आदि थिए । यसले प्रमाणित गर्दछ कि खाद्यान्नमा नेपाल मुखिया थियो भने भारत दुखिया थियो । राणकालमा मात्र होइन पञ्चायतकालमा पनि खाद्यन्नको लागि नेपाल मुखिया र भारत दुखिया भएको निरन्तरतालाई जाहेर गर्दछ नेपालको खाद्यान्न निर्यात र व्यापार नाफाको इतिहास र तथ्यांकले । सन् २०२०/२१ मा नेपालको भारतसँगको व्यापारमा नाफा घाटाको सन्तुलन नेपालको पक्षमा थियो । अर्थात् त्यो आर्थिक वर्षमा नेपालले भारतमा गरेको निर्यातले तीन करोड भन्दा बढी नाफा नेपालको पक्षमा थियो । त्यसबेला नेपालबाट भारतमा ६ करोड जतिको वस्तु निर्यात भएको थियो भने भारतबाट नेपालमा २ करोड ८० लाख भन्दा केही बढीको आयत भएको थियो । सन् १९७० को दशकसम्म नेपालबाट ठूलो परिणाममा चामल निर्यात गरिन्थ्यो भारतमा । पञ्चायतकालको अन्त्यसम्म पनि नेपालबाट निर्यात भएको धान चावलको परिणाम धेरै नै थियो ।

नेपालबाट धेरै धान, चामल, दाल, तेल जुट या यसका तयारी सामान आदि भारतमा धेरै नै निर्यात भएको तथ्यांकले बताउँछ । त्यसबेला नेपालका तराइमा धेरै नै ठूल ठूला धान मिलहरु थिए । चौबिसै घण्टा ती मिल चलेका हुन्थे । धान चामल लोड अनलोड भइरहेका हुन्थे । किसानहरुबाट खरिद गरिएका धानका रासहरु साना साना पहाडका ढिस्का जस्ता देखिन्थे । अर्थात् धान चामलको उत्पादन र व्यापार राम्रैसँग चम्केको थियो नेपालमा । तर यता पछिल्लो दिनमा आर्थिक उदारीकरणको लहर नेपालमा पसेपछि नेपालको खाद्य बजार सबै विदेशी उत्पादनले ढाकेर लगिरहेको छ । कृषि पेशाबाट नेपालीहरु पलायन भइरहेका छन् । अन्न उत्पादन हुने खेतहरु या त बाँझो भएर बसेका छन् या त प्लटिङ भइरहेका छन् । भारतलाई खाद्यान्न पठाउने नेपाल आज भारतबाट खाद्यन्न आयत गर्ने भएको छ । भारतबाट खाद्यान्न आयत भएन भने नेपाली भोकै बस्नुपर्ने अवस्था आएको छ । केहीवर्ष अघिको अर्थात २०७२/७३ को आर्थिक वर्षमा भारतबाट मात्र नेपालमा करिव २४ अर्ब रुपियाँको चामल भित्रिएको थियो । १० अर्बको मकै भित्रिएको थियो । ५ अर्बको गहु भित्रिएको थियो । सवा अर्बको माछा भित्रिएको थियो । त्यसरी नै अर्बौंको फलफूल तरकारी भित्रिएको थियो । यसरी भारतबाट मात्रै ४० अर्ब जतिको खाद्यन्न भित्रिएको थियो नेपालमा । यसरी नेपालमा नै उत्पादन गरेर आत्मनिर्भर हुनसक्ने खाद्य पदार्थमासमेत यति धेरै आयात भएको छ भने नेपालमा उत्पादन नभएका अन्य उत्पादनमा झन डरलाग्दो अवस्था छ । नेपालमा उत्पादन नहुने सवारी साधन, पेट्रोलियम पदार्थ, कृषि औजार मेसिनरी औजार फलाम तथा स्टिल, औद्योगिक कच्चा पदार्थ आदिको आयतले नेपालको व्यापार घाटा तथा सन्तुलन झनै खराब बनाएको छ । २०६२/६३ मा भारतसँगको व्यापार घाटा ६६ अर्बको थियो । त्यसबेला नेपालबाट ४० अर्बको सामान निर्यात भएको थियो भने भारतबाट एक खर्ब सात अर्बको सामान नेपालमा आयत भएको थियो । २०७१ सम्म आइपुग्दा भारतसँगको व्यापार घाटा बढेर ६ खर्ब रुपैयाँ पुगि सकेको छ । ०७२/७३ को आर्थिक वषर्मा नेपालबाट भारतमा ४१ अर्बको सामान निर्यात भएको थियो भने भारतबाट ६ खर्ब ४१ अर्बको सामान नेपालमा आयत भएको थियो । अर्थात् त्यो १२ वर्षको अवधिमा भारतीय वस्तुको आयत ५ खर्ब ३५ अर्बले बढिसक्दा पनि नेपालको निर्यात भने एक अर्बले मात्र बढेको पाइन्छ । यसरी भारतीय वस्तुको नेपालमा आयात उच्च दरले बढेको तर नेपालको वस्तुको भारतमा निर्यात कमजोर भएकोले भारतसँगको व्यापार घाटा नराम्रोसंग बढिरहेको छ । सो वर्ष मात्र भारतसँगको व्यापारघाटा एक खर्ब ६२ अर्बले बढेको देखिन्छ । भारतसँग नेपालको व्यापार घाटा बढाउनेमा पेट्रोलियम पदार्थको पनि प्रमुख योगदान देखिन्छ । एक वर्षमा मात्र भारतबाट एक खर्ब चलिस अर्बको पेट्रोलियम पदार्थ नेपालमा भित्रिएको थियो । त्यसरी नै ९३ अर्बको फलाम तथा स्टिल, ७५ अर्बको सवारी साधन तथा पाटपुर्जा नेपालमा आयत भएको थियो । कृषि उत्पादनको आयत बारे माथि नै भनिएको छ । गणतन्त्रको उदयपछि नेपाल झन धेरै भारत निर्भर भएर गइरहेको छ ।

गणतन्त्रले आर्थिक तथा राजनीति दुबै क्षेत्रमा भारत निर्भर बनाइरहेको छ नेपाललाई । ७४/७५को आर्थिक वर्षमा यो क्रम झन डरलाग्दो भएर बढेको छ । यो क्रम हरेक आर्थिक वर्षमा बढेर गएको छ र यता पछिल्लो वर्षमा त झन डरलाग्दो अवस्थामा छ । भारतसँगको व्यापार घाटा घटाउने उपाय नेपालले निकालेन भने नेपालले सबै क्षेत्रमा घुँडा टेक्ने दिन टाढा छैन । नेपालको राजनीति क्षेत्र गम्भीर भएर लागेमा भारतसँगको व्यापार घाटालाई नाफामा बदल्न सक्छ । भारतसँगको व्यापार घाटा बढाउनेमा पेट्रोलियम पदार्थ र खाद्य पदार्थको आयतको निर्णायक योगदान भएको माथिको तथ्यांकले बताइ सकेको छ । नेपालको ध्यान यिनै २ वस्तुको आयत घटाउन सकेमा मात्रै पनि नेपालले भारतसँगको व्यापार घाटामा सुधार गर्न सक्छ । नेपालको ध्यान यसैमा केन्द्रित हुनु पर्दछ । खाद्यान्न र पेट्रोलियम पदार्थको आयत घटाउने उपाय बारे छलफल बढाऔं जसले यी वस्तुहरुको अनियन्त्रित आयतलाई रोक्न सकियोस र नेपालको व्यापार घाटालाई सन्तुलनमा ल्याउन योगदान दिन सकोस् । कसरी घटाउन सकिन्छ त नेपालमा भारतबाट खाद्यान्न र पेट्रोलियम पदार्थको आयत यसै बारे तल्लो अनुच्छेदमा थप छलफल बढाऔं । विगतमा नेपालको व्यवसायिक हिसावले परिचय दिंदा नेपाल एउटा कृषि प्रधान मुलुक भनिन्थ्यो । नेपालको राष्ट्रिय आयको र आत्मनिर्भरको बलियो पाटो कृषि उत्पादन नै थियो । त्यसरी नै हरियो वन नेपालको धन भनिन्थ्यो । अहिले त्यो पनि रहेन । र, नेपाल जलस्रोतको धनी देश भनिन्थ्यो र अहिले पनि जलस्रोत सुकेको छैन । तर नदी माथिको हक भने सुक्दै गएको छ । कृषि उत्पादनलाई विशेष योजना बनाएर, विशेष अभियान चलाएर सरकारले बढाउने कार्यक्रम ल्याउनु पर्दछ । नेपाललाई व्यापार घाटाबाट उकास्न ४ ज लाई जोड दिनु पर्दछ ।

जमिनशक्ति, जलशक्ति, जनशक्ति र जंगलशक्तिलाई एउटै प्याकेजको योजना बनाएर आय र उत्पादनमा जोड्न सकेमा यसले व्यापारघाटा घटाउने मात्र होइन कि नेपाललाई सम्पन्न पनि बनाउन सक्छ । अझै पनि नेपालमा जलशक्ति छ । त्यसलाई सदुपयोग गर्न नेपालले सकेको छैन । ठूलठूला बाँध बाँधेर जलासय बनाउने पर्याप्त विद्युत उत्पादन गर्ने त्यसैले विद्युत रेल, बस, अन्य सवारी साधन चलाउने रणनीति नेपालले बनाउनु पर्दछ । त्यो विजुलीले सडकबाट पेट्रोल डिजेल विस्थापित गर्दछ । हरेक चुल्होबाट ग्यास विस्थापित गर्दछ । स्वभाविक छ यसले भारतबाट आउने अर्बौंको पेट्रोलियम पदार्थको आयतलाई विस्थापित गर्दछ । जसले नेपालको व्यापार घाटा घटाउन मदत गर्दछ । नहरका सन्जाल बनाएर जल ढुवानी सिचाइ एउटै योजनाले दिन सक्छ । यस्ता बाँधहरुले एकैपल्ट माछापालन र पर्यटनलाई व्यवसाय दिएर आम्दानी दिन सक्छ । कृषि उत्पादन बढाउन सक्छ जंगलको हरियाली बढाउन सक्छ । जंगल र जडिबुटी आफैंमा नगद तान्ने र व्यापार घाटा घटाउने माध्यम बन्दछन् । विदेशमा गएर यति कडा श्रम दिन सक्ने नेपालको जनशक्ति छ । यसलाई सदुपयोग गर्ने राष्ट्रिय आय र उत्पादनमा जनशक्ति लगाउने योजना, कार्यक्रम र वातवरण दिन राज्यले सकेमा निश्चयनै नेपाल व्यापार घाटामा होइन कि नाफामा जान सक्छ । के जवाफ दिने गणतन्त्रले तानशाही राणाशासन र पञ्चायत शासनलाई हामी त व्यापार नाफामा थियौं भारतसंग भन्दा ? राजनीतिमा इमान्दारिता, इच्छाशक्ति र देशभक्ति भयो भने यति धेरै संभावना भएको नेपाल घाटाको नेपाल भइरहँदैन । अहिलेको व्यापार घाटा नेपाली अर्थतन्त्रको डरलाग्दो पाटो हो । यही क्रम रोकिएन भने नेपाल थला पर्छ । तर नेपालले सही नेतृत्व र योजना र सुशासन प्राप्त गर्न सकेमा नेपाल समृद्ध हुने छ नेपाली सुखी हुनेछन् । नेपालको हितको दीर्घकालीन आर्थिक रणनीति बनाउन सबै दलहरु एकैठाउँमा बस । त्योसँग सबै जोडिएर आउने छन् विदेश नीति, लगानी नीति, सहयोग नीति, जलस्रोत नीति कृषि नीति आदि सबै । के राष्ट्रिय सहमतिको अनिवार्य क्षेत्र यो होइन र? तलाई यी पद मलाई यी पद सबैलाई यी सुविधा के को राष्ट्रिय सहमति? आशा गरौं नेताहरुको ध्यान यतातिर तानिने छ । आयतले थला पर्दै गएको अर्थतन्त्रबाट मुक्तिको जुक्ति भनेको नै पृथ्वीविचारको स्वदेशवादी आत्मनिर्भर अर्थतन्त्रको पाटो र बाटो नै हो ।

***-डिसी नेपाल डटकम***


## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२१११९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : खानपिनले मन लोभ्याउनेछ । रोकिएका अधुरा कामहरू पुरा हुन सक्छ। | **तुला** : मन मिल्ने साथीको सहयोग र हौसला मिल्नेछ। यात्राको योग रहेको छ । |
| **बृष** :नयाँ भौतिक साधनको योजना बन्ला। पारिवारिक रमाइलो समेत हुनेछ । | **बृश्चिक** : तनाव बढेको महशुस हुनेछ । स्वास्थ्य प्रति सजग रहन जरूरी छ । |
| **मिथुन** : रचनात्मक कार्यमा मन जानेछ। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । | **धनु** : कुनै न कुनै कुराले मनमा शान्ति छाउनेछ । नयाँ कार्यको योजना बन्नेछ। |
| **कर्कट** : मित्रहरूले दिएको वचन फेरिन सक्छ। फजुल खर्चले चिन्ता बढाउनेछ । | **मकर** : शुभकार्यको चर्चा चल्नेछ । सामाजिक क्षेत्रबाट मानसम्मान मिल्नेछ । |
| **सिंह** : व्यवसायको सन्दर्भमा नयाँ योजना बन्नेछ । सन्तानबाट सुख मिल्नेछ । | **कुम्भ** : पारिवारिक कार्य बोध हुनेछ । नयाँ रचना र ज्ञानमा प्रगति हुनेछ । |
| **कन्या** : धार्मिक कार्यमा सरिक हुने पाइने छ । नयाँ काम प्रस्ताव आउनेछन् । | **मिन** : काम नबन्नाले दिक्क लाग्नेछ। व्यवसायमा नोक्सानी बेहोर्नु पर्नेछ । |

# अभिभावकविहीन बालबालिकालाई नि:शुल्क शिक्षा




व्यास नगरपालिका-७ शेषमटारमा समता विद्यालय स्थापना गरी अभिभावक विहीन पैँतालिस बालबालिकालाई नि:शुल्क शिक्षा प्रदान गर्दै आएको छ । खान र बस्नसहितको शिक्षाका लागि नगरपालिकाले अभिभावकत्व ग्रहण गर्दै साहाराविहीन बालबालिकालाई साहारा दिएको हो । शिक्षाको उज्यालो घामबाट कुनै पनि बालबालिका वञ्चित हुन नपरोस् भनी नगरपालिकाले उक्त विद्यालय स्थापना गरी आवाससहितको शिक्षा प्रदान गरेको हो ।

नगरपालिकाले बस्ने, खाने, पढ्ने र सुत्नेसहितको सुविधा प्रदान गरेपछि बालबालिका खुसी छन् । बालबालिकालाई चाहिने कापी कमल, पोसाक, झोला, खाने तथा बस्ने सबै नगरपालिकाले व्यवस्था गरेको छ । विद्यार्थी अभावले गर्दा क्यामिन छापथोक प्राथमिक विद्यालय बन्द भएपछि नगरपालिकाले रु ४० लाख खर्चेर विद्यालयको मर्मतसम्भार गरी विसं २०७९ भदौ ५ गतेदेखि व्यास नगर समता विद्यालय सञ्चालनमा ल्याएको हो । साहाराविहीन भएका कतिपय बालबालिका सडकमा भौँतारिएर हिँड्ने गरेकाले पढ्ने, लेख्ने अधिकारबाट वञ्चित हुने तथा कुपोषण हुने गरेकाले व्यास नगर समता विद्यालय सञ्चालनमा ल्याइएको नगरपालिकाले जनाएको छ । कक्षा १ देखि ६ सम्म पढाइ भइरहेको विद्यालयका प्रधानाध्यापक अर्जुन सुनारले जानकारी दिए । हाल सो विद्यालयमा शिक्षक र कर्मचारी गरी १० जना छन् भने सबै कक्षामा अंग्रेजी माध्यमबाट पठनपाठन हुने तथा हरेक शुक्रबार अतिरिक्त क्रियाकलाप गर्ने गरिएको छ । नगरपालिकाले अभिभावकविहीन बालबालिकाको संरक्षकत्व गरेकामा स्थानीय बासिन्दा खुसी भएका छन् । यस उदाहरणीय कार्यको अन्य पालिकालेसमेत सिको गर्नुपर्ने आवश्यक देखिएको छ । विद्यालय सञ्चालनमा आएपछि अनाथ, असहाय, विपन्न, सहिद, बेपत्ता, कोरोनाबाट मृत्यु भएका घरपरिवारका बालबालिकाले अध्ययन गर्न पाएका छन् ।

कक्षा ३ मा पढ्दै आएका साजन नेपालीले विद्यालयको मैत्रीपूर्ण वातावरणमा पठनपाठन हुँदा सिक्न र पढ्न सहज भएको बताए । उक्त विद्यालयको भौतिक संरचना र शैक्षिक क्षेत्रको विकासका लागि नगरपालिकाले गत वर्ष रु एक करोड विनियोजन गरेको नगरपालिकाले जनाएको छ । विद्यालयको भवन, कम्पाउण्ड, गार्ड र केही शिक्षकको व्यवस्थापनका लागि उक्त लगानी गरिएको हो । वडा नं ७ का बाबुआमा नभएका भक्त दरै र बहिनी गायत्री दरै पढ्न पाएकामा निकै खुसी बताउँछन् । अध्ययनबाट बञ्चित हुनुपरेका अभिभावकविहीन बालबालिकाले लगनशील भएर अध्ययन गरेको देख्दा खुसी लागेको व्यास-१० का वडाध्यक्ष खेमराज पोखरेलले बताए । उक्त विद्यालयमा पढाउने समय तालिका छ, त्योभन्दाबाहेक उनीहरूलाई अनुशासित र लगनशील बनाउन गरिने क्रियाकलाप प्रभावकारी छ । खाजा खान र बस्ने सुत्ने व्यवस्था पनि व्यवस्थित बनाइएको छ ।

व्यास-९ स्थित बसाहस्थान माध्यमिक विद्यालयमा कक्षा ६, ७, ८, ९ र १० मा आवासीय विद्यार्थी भर्ना गरी समता विद्यालय सञ्चालन गर्न अनुमति दिने निर्णय गरिएको नगर प्रमुख वैकुण्ठ न्यौपानेले बताए । हाल कक्षा ६ सम्म सञ्चालनमा ल्याइएको र क्रमश: कक्षा थप गर्दै लैजाने योजनाअनुरुप नगरपालिका अघि बढेको उनले जानकारी दिए । पढ्ने अवसरबाट वञ्चित भएका असहाय बालबालिकालाई नगरपालिकाले ज्ञान आर्जन गर्ने थलो बनाएपछि समता विद्यालय नमुना विद्यालय बन्दै गएको नगरप्रमुख न्यौपानेले जानकारी दिए । ***-रासस***

# विद्यालय कर्मचारीको पारिश्रमिक सम्बोधन गर्ने



सेवा सुविधाको माग सहित सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरु आन्दोलनरत रहेको अवस्थामा उनीहरुका माग नयाँ ऐनबाट सम्बोधन गर्ने सरकारले बताएको छ । शिक्षा क्षेत्रका लागि विनियोजन गरेको बजेट माथि संसदमा उठेका प्रश्नहरुको जवाफ दिदैं शिक्षा मन्त्री आशोककुमार राईले न्यूनतम पारिश्रमिक पनि नधान्ने पारिश्रमिकलाई नयाँ ऐन ऐनको माध्यमबाट सम्बोधन गर्ने सोचाई रहेको बताएका हुन् । नयाँ ऐन यसै अधिवेशनमा प्रस्तुत गर्ने प्रयत्न रहेको पनि उनले बताए । नेपाल विद्यालय कर्मचारी परिषद्को अगुवाईमा कर्मचारीहरु आन्दोलनमा छन् । परिषद्ले लेखापालको तलब ३६ हजार सात सय ३० रुपैंया र सहयोगीका लागि २६ हजार दुई सय १० रुपैंया तलब हुनु पर्ने माग गरेको छ । उमेर हदका कारण अवकास गरिएका कर्मचारीलाई सुविधाको प्रवन्ध गर्नु पर्ने, अहिले कार्यरत कर्मचारीलाई दरबन्दीमा समायोजन गरी एकपटकका लागि प्रकृयामा लैजानु पर्ने, अवकास र विदा योजना तय गर्नुपर्ने लगायतका परिषद्का माग छन् ।

नयाँ संविधान सँगै देशको राजनीतिक र संरचनागत परिवर्तन भएको यतिका बर्ष सम्म पनि संघीयता अनूकुल ऐन जारी नगर्ने क्रम निरन्तर रहेको सन्दर्भमा मन्त्री राईले पनि ऐनको विषय संसदमा उठाएका हुन् । आन्दोलनरत कर्मचारीको विषयलाई पनि ऐनकै माध्यामबाट समाधान गर्ने उनको भनाई छ । सरकारले बाल विकास शिक्षक, प्रत्येक सामुदायिक विद्यालयमा एक एक जना विद्यालय सहयोगी कर्मचारी र प्रत्येक माध्यमिक विद्यालयमा थप एक जना सहायक कर्मचारी गरी ३६ हजार कर्मचारी व्यवस्थापन गर्न एकमुष्ठ अनुदान उपलब्ध गराउँदै आएको उनले बताए ।

'हाल संघीय सरकारबाट बाल विकास शिक्षकका लागि मासिक रु १० हजार, विद्यालय कर्मचारीका लागि मासिक रु १३ हजार पाँच सय र विद्यालय सहयोगीका कर्मचारीका लागि मासिक रु ८ हजारका दरले एक मुष्ठ अनुदानका रुपमा स्थानीय तहमा बजेट हस्तान्तरण गर्ने गरेको छ' उनले भने 'स्थानीय तहबाट उक्त अनुदानमा थप गरी न्यूनतम १५ हजार रकम उपलब्ध गराउँदै आईएको छ ।

बालविकास शिक्षक र कर्मचारको आन्दोलनका विषयमा वार्ता गरी समस्या समाधान गर्न शिक्षा तथा मानव श्रोत विकास केन्द्रका महानिर्देशकको अध्यक्षतामा अर्थ, संघीय र सामान्य प्रशासन मन्त्रालयका प्रतिनिधि सहितको ४ सदस्यीस समिति गठन भएको छ ।' उक्त समतिको वार्ताको आधारमा आवाश्यक कार्य अघि बढाउने मन्त्री राईले प्रतिवद्धता जनाए । बजेटमा उल्लेख कार्यक्रमको बचाउ गर्दै उनले शिक्षाका विषयमा सरकार गम्भिर रहेको बताए ।

***-एडुखबर डटकम***

# पठन संस्कृतिको विकास कसरी गर्ने ?

**डा.बलराम तिमल्सिना**

एक अनलाइनमा छापिएको 'पठन संस्कृतिमा कमी : अल्पज्ञानी बन्दै छ नेपाली समाज' शीर्षकको लेखबाट मैले निकै प्रतिक्रिया पाएँ । ५५ जना पाठकले त मलाई हवाट्सएप, मेसेन्जर, भाइबरमार्फत आग्रह गरे– पढ्ने बानी विकासका लागि के-कस्ता उपाय हुन सक्छन् भन्नेबारे पनि लेख आओस् ।

यो लेख लेख्ने क्रममा त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, इन्जिनियरिङ क्याम्पस पुल्चोक, रत्नराज्य क्याम्पस प्रदर्शनीमार्ग, सरस्वती क्याम्पस कोटेश्वरका विद्यार्थी र समाजका केही अग्रणी व्यक्तिसँग पढ्ने बानी विकास गर्न के गर्नुपर्छ वा हामी नेपालीको पढ्ने संस्कृति अभिवृद्धि कसरी हुनसक्छ भन्ने विषयमा मैले छलफल गरेको थिएँ । त्रिभुवन विश्वविद्यालय कीर्तिपुर शिक्षाशास्त्र संकायमा स्नातकोत्तर तह प्रथम वर्ष अध्यनरत एक बहिनीले भनिन्, 'मैले बिएडसम्म गाउँमा पढेँ । गाउँको क्याम्पसमा शिक्षाभन्दा अर्को विषयमा स्नातक तह थिएन । त्यसैले मेरो चाहना व्यवस्थापन विषय पढ्ने हुँदाहुँदै पनि बुवाले गाउँकै कलेजमा पढ्नुपर्छ भनेपछि मैले शिक्षा विषय पढेँ । अझै मलाई व्यवस्थापन पढ्ने रहर छ । शिक्षा विषय पढेर शिक्षक जागिर गर्ने पटक्कै इच्छा छैन । जब कक्षा सकेर घर फर्कन्छु, अनि पढ्न भनेर पुस्तक पल्टाउँछु तर पढ्नै मन लाग्दैन ।' पुल्चोक इन्जिनियरिङ कलेजमा सिभिल दोस्रो सेमेस्टर पढ्दै एक विद्यार्थीलाई १२ कक्षा पास गरेपछि सिए पढ्ने इच्छा रहेछ, तर बुबाआमाको जोडले उनी इन्जिनियरिङ भर्ना भएका रहेछन् । उनलाई अझ पनि सिए पढ्ने हुटहुटी जारी छ । उनी भन्छन्, 'मेरो इच्छा एकातिर, बुवाआमाको इच्छा अर्कोतिर अनि कसरी पढ्न मन लाग्छ त । पढ्ने कुरा मेरो व्यक्तिगत चाहना अनुसार पाउनुपऱ्यो नि, होइन र ?'

रत्नराज्य क्याम्पसमा स्नातक तह दोस्रो वर्षमा अंग्रेजी विषय लिएर अध्ययन गर्दै गरेकी एक छात्रा व्यक्तिको इच्छा र चाहनाले पढाइमा फरक पार्ने बताउँछिन् । उनी भन्छिन्, 'मलाई सानैदेखि अंग्रेजी शिक्षक हुने रहर थियो । गाउँमा १२ कक्षा पास गरेर अहिले यहाँ अंग्रेजी मूल विषय लिएर स्नातक पढ्दै छु । गाउँको विद्यालयमा बारम्बार अंग्रेजी शिक्षकको अभावका कारण मेरो अंग्रेजी अहिलेसम्म त्यति राम्रो भइसकेको छैन । मैले यति मिहिनेत गरेर पढेँ कि प्रथम वर्ष ५० प्रतिशतभन्दा बढी अंक ल्याएर सबै विषय पास गरेँ ।' यी तीनवटा उदाहरणबाट के प्रस्टिन्छ भने औपचारिक शिक्षा हासिल गर्ने आजको युवा पुस्ता हिजोको जस्तो बुबाआमाले जे पढ् भन्यो, त्यसैमा रमाउनेवाला छैनन् । आफ्नै छनोट अनुसारको विषय पढ्न पाउने हो भने उनीहरूले पढाइमा उत्कृष्ट नतिजा ल्याउन सक्छन् । अभिभावकले छोराछोरीले पढेनन् भनेर गुनासो गर्नैपर्दैन । यस वर्षको एसइई परीक्षामा संलग्न हुने केही छात्रछात्रासँग पनि कुराकानी गरेको थिएँ । मैले कुराकानी गर्दा चारजनाको समूहमा रहेका छात्रा मोबाइल चलाएर बसेका थिए । मैले सोधेँ – एसईईको तयारी गर्नुपर्ने बेला मोबाइल चलाएर बसेका छौ त ? तीनजना अलि लजाए तर एउटीले अलि सानो स्वरमा भनिन् – किताब पल्टाउन मन लाग्दैन अंकल, बरु किताबको कुरा मोबाइल वा टिभीमा आए म त मज्जाले सुन्थेँ । भारतका शिक्षाविद् जे कृष्णमूर्तिको भनाइ छ, आजका बालबालिका तीनवटा स्क्रिनमा रमाउन थालेका छन् : मोबाइलको स्क्रिन, कम्प्युटरको स्क्रिन र टेलिभिजनको स्क्रिन । पुस्तक उनीहरूको छनोटमा पर्दैन । यी छात्रा र शिक्षाविद्को भनाइले श्रव्यदृश्य सामग्री उत्पादन र वितरण आजको माग भइसक्यो भन्नेतर्फ संकेत गर्छ । 'किन पढ्ने, कसरी पढ्ने' शीर्षकको आफ्नो लेखमा मिलन पाण्डे भन्छन्, 'पढाइको उद्देश्य प्रस्ट हुनुपर्छ, शिक्षकले के पढ्ने भनेर मात्र सिकाउने होइन, कसरी पढ्ने पनि सिकाउनुपर्छ, (२०८० वैशाख २३ गते इकान्तिपुरमा प्रकाशित) ।' यो लेखमा पढ्ने उपायका साथै पढ्दा लाग्ने अल्छीपनलाई कसरी हटाउनेबारे पनि उल्लेख छ । लेखक पाण्डेले भनेजस्तै पढाइको फाइदा के छ र किन पढ्ने भनेर न हामीले सिक्यौँ न युवा पुस्ता र बालबालिकालाई सिकायौँ । त्यसैले औपचारिक र अनौपचारिक दुवै माध्यममा पढाइको महत्त्वका बारेमा उजागर गर्नु अनिवार्य भइसकेको छ । उदाहरणका लागि पढाइले ज्ञान र सीपमा वृद्धि गर्छ । आफू र आफ्नो परिवेश अनि संसारलाई चिन्न मद्दत गर्छ । मगजलाई तन्दुरुस्त र स्वस्थ राख्छ । पढाइले कुनै पनि विषयमा ध्यान केन्द्रित गर्ने बानीको विकास गर्छ । स्मरण शक्तिमा वृद्धि गर्छ र सञ्चार सीपको विकास गर्छ । नियमित पढ्ने बानी भएका र नभएका व्यक्तिमा गरिएको लामो समयको अनुसन्धानको निष्कर्ष छ– पढ्ने बानी भएका व्यक्तिहरू दुई वर्ष बढी बाँच्छन् र लेखपढमा नियमित समय दिने व्यक्तिलाई अल्जाइमर्स (बिर्सने रोग) जस्तो घातक रोग हुने सम्भावना ५० प्रतिशतले कम हुन्छ । यी र यस्तै फाइदाका बारेमा जानकारी हुने हो भने व्यक्तिले अवश्य पनि पढ्नका लागि समय दिनेछ ।

विद्यार्थीको पठन संस्कृति ह्रास भएको र पठन सीप समेत कमजोर भएको महशुस गरी यसको अभिवृद्धिका लागि आधारभूत तहदेखि नै सरकारले पठन सीप विकास गर्ने कार्यक्रम लागु गरेको छ । सो कार्यक्रममा विज्ञका रूपमा काम गरेका शिक्षाविद् धनसिंह धामी भन्छन्, 'कक्षा कोठामा शिक्षण सिकाइका क्रममा पढाइलाई प्राथमिकता दिने, रुचिपूर्ण पढ्ने सामग्रीमा विद्यार्थीको पहुँच बढाउने, घरमा अभिभावक र परिवारका सदस्यले बालबालिकालाई पुस्तक पढ्न अभिप्रेरित गर्ने हो भने बालबालिकामा पढ्ने बानीको विकास हुन्छ । यो बानीले जवान हुन्जेलसम्म निरन्तरता पाउँछ ।' औपचारिक शिक्षा हासिल गर्ने क्रममा व्यक्तिले जबर्जस्ती पढ्ला, तर जब ऊ कामको संसारमा छिर्छ, उसको पढ्ने बानी क्रमश: हराउँदै जान्छ । आजको नेपाली समाजको रुचि सामाजिक सञ्जालमा आउने भिडियो लगायत सामग्री अनि युटुब, नेटफिक्स आदिका भिडियो सामग्रीमा आदिमा बढी देखिन्छ । अनलाइनमा प्रकाशित हुने छोटा लेख र समाचार समेत पूरा पढ्न अल्छी मान्न थालेको छ, आजको समाज । मात्र शीर्षक हेऱ्यो अनि त्यसबारे धारणा बनायो, जुन धारणा अपूरो र सत्यमा आधारित नहुन सक्छ । बिनानियमन र बिनापरीक्षण विभिन्न व्यक्ति र संस्थाले यस्ता सामाजिक सञ्जालमा पोस्ट गर्ने तथ्यहीन, अश्लील र कपोलकल्पित सामग्रीले व्यक्ति र समाजलाई नै पथभ्रष्ट बनाउँदै लगेको छ । यसै सन्दर्भमा अमेरिकाका पूर्वविदेशमन्त्री हेनरी किसिन्जर भन्छन्, 'संसार श्रव्यदृश्यको संस्कृतितर्फ बढ्दै गर्दा यस्ता सामग्रीमा वस्तुनिष्ठ तथ्य र गहन विश्लेषणका तत्त्व हराउनेछन् ।' त्यसैले औपचारिक रूपमै सरकारको आधिकारिक संस्थाले व्यक्ति, समाज र राष्ट्रका लागि उपयोगी छोटाछोटा पाठ्य सामग्री बनाएर सामाजिक सञ्जालमा पोस्ट गर्न ढिला भइसक्यो । व्यक्तिको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्था र परिस्थिति फरक-फरक हुन्छ । इच्छा चाहना र प्राथमिकता फरक हुन्छ । त्यति मात्र होइन, मानिसको दिमाग समेत फरक हुन्छ । यो तथ्यलाई हृदयंगम गरी लेखकले पुस्तक, लेख-रचना आदि सिर्जना गर्नुपर्छ । व्यवसायमा कसरी सफल हुने भनेर छटपटिएको व्यक्तिले शिव खेराको पुस्तक पढ्लान् । पठनपाठन कसरी सुधार्ने भनेर लागेको व्यक्तिले गिजुभाइ वा जे कृष्णमूर्तिको पुस्तक पढ्लान् । त्यसकारण व्यक्तिको रुचि अनुसारको पुस्तकको उपलब्धताले पनि पढ्ने बानीको विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ । औपचारिक परीक्षा दिनुपर्ने व्यक्तिले तोकिएकै पुस्तक र पाठ्यपुस्तक पढ्नुपर्ने हुन्छ, तर जो व्यक्ति ज्ञान, सूचना र मनोरञ्जनका लागि मात्र पढ्छ, उसले आफूलाई मन परेका पुस्तक पढ्न पाउनुपर्छ । कुनै बेला मलाई उपन्यास खुब पढ्न मन लाग्थ्यो, धेरै पढेँ पनि । आज मेरो इच्छा र प्राथमिकता परिवर्तन भएको छ । अहिले म दर्शनसम्बन्धी पुस्तक, व्यक्ति, समाज र देशको विकास र समृद्धि सम्बन्धी पुस्तकका साथै पेसा, व्यवसाय, राजनीति आदिमा सफल र असफल दुवै किसिमका व्यक्तिका जीवनी र सामाजिक तथा आध्यात्मिक विषयमा लेखिएका पुस्तक र लेख-रचना पढ्न रुचाउँछु । आफूलाई मनपर्ने विषयवस्तु भएको पुस्तक पढ्ने हो भने पठन संस्कृति र सीप स्वत: अभिवृद्धि हुन्छ र व्यक्तिलाई पढ्न जाँगर पनि लाग्छ ।

हिजो पुस्तकका पाना पल्टाउनैपर्ने बाध्यता थियो, तर आज इलेक्ट्रोनिक किताब कम्प्युटर र मोबाइलमा पढ्न सकिन्छ । युट्युबमार्फत् कम्प्युटर र मोबाइलमा आफूलाई मनपरेको पुस्तकको पाठ्यवस्तु सुन्न पाइन्छ । त्यसकारण आफूलाई जुन माध्यम सहज, सरल र उपयुक्त लाग्छ, त्यही माध्यमबाट विषयवस्तु ग्रहण गऱ्यो भने हामी अज्ञानी र अल्पज्ञानी भइरहनुपर्दैन । पढाइमा प्रविधिको प्रयोग गर्नका लागि भने प्रविधि र इन्टरनेटमा सर्वसाधारणको पहुँचको सुनिश्चितता अनिवार्य छ । जुनसुकै माध्यमबाट पढे पनि त्यस समयमा पाठकको मन अस्थिर, चञ्चल र विविध विषयमा छरिएको भने हुनुहुँदैन । शान्त, स्थिर र जिज्ञासु व्यक्तिले मात्र विषयवस्तु बुझ्न र ग्रहण गर्न सक्छ । एकाग्र भएर पढ्नका लागि प्राय: सबै विज्ञ र बौद्धिक व्यक्तिले सिफारिस गरेको एउटा विषय के हो भने पढ्ने समयमा अन्यत्र ध्यान लैजान हुँदैन वा त्यस्तो वातावरणमा पढ्नु हुँदैन । परीक्षाको तयारी गर्ने क्रममा समूहमा बसेर पढ्दा आपसी छलफलबाट बढी बुझ्न सकिन्छ, तर ज्ञान, विज्ञान, सूचना र मनोरञ्जनका लागि पढ्दा सबैको रुचि एउटै विषयमा नहुन सक्छ । त्यसैले औपचारिक कक्षाका पुस्तकभन्दा बाहेकका पुस्तक पढ्दा एकान्त वातावरण अत्यावश्यक हुन्छ । लामो समय गाडी र जहाजमा यात्रा गर्ने व्यक्तिले यात्राको त्यो समयलाई पढ्नका लागि उपयोग गर्न सक्छन् । मैले टोनी हेगेनको 'बिल्डिङ ब्रिजेज टु द थर्ड वर्ल्ड', अमर्त्य सेनको 'एन अनसर्टेन ग्लोरी', जे कृष्ण मूर्तिको 'शिक्षा क्या हे', शिव खेराको 'यु क्यान विन', रोबर्ट कियोसाकीको 'धनी बुबा गरिब बुबा'जस्ता धेरै पुस्तक गाडी र जहाजको यात्रामा पढेको छु । अहिले त पुस्तक बोक्नु पनि पर्दैन । कतिपय पुस्तक युट्युबमा पाइन्छ । बस मोबाइलको एअर फोन कानमा राख्यो मजाले सुन्यो । पुस्तकमा भएको विषयवस्तुले पनि व्यक्तिको पढाइलाई असर गर्छ । कस्ता पुस्तक पढ्ने भन्ने सन्दर्भमा लेखक जीवन क्षेत्री लेख्छन्, 'किताबले सत्यको ढोका यसरी उघारोस्, पाठकका आँखा यसरी खोलिदेओस् कि त्यसपछिका दिनमा आँखा चिम्लिँदा पनि उसका अगाडि झल्झली त्यो सत्यको मार्ग प्रकट भइरहोस् । त्यो मार्ग बिर्सन खोजेर पनि उसले बिर्सन नसकोस् ।' उनी अझ थप्छन्, किताबले पाठकका सीमित जिज्ञासालाई शान्त मात्र पार्ने होइन कि असीमित जिज्ञासाका लागि बाटो खोलिदिओस् ।

***-रातोपाटी डटकम***



विश्व खेलकुद पत्रकार दिवसको अवसरमा तानसेनमा आयोजित कार्यक्रमका सहभागीहरु । नेपाल खेलकुद पत्रकार मञ्च पाल्पाले दिवसका अवसरमा आइतबार खेलकुदको अवस्था र सम्भावना विषयक अन्तर्क्रिया गरेको छ । मञ्चले जिल्लाका खेलकुद पत्रकार र खेल सम्वद्ध जिल्लाका विशिष्ट व्यक्तिहरुबिच अन्तर्क्रिया गरेको हो ।**तस्वीर : कमल अधिकारी/एनजेडी**

# लुम्बिनीमा एमालेको विरोध कायमै, संसद बैठक स्थगित

**दाङ,** असार १७/लुम्बिनी प्रदेशसभा बैठकमा प्रमुख प्रतिपक्ष दल नेकपा एमालेको विरोध कायमै छ । प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि ल्याएको बजेटमाथि छलफल गर्न पटक -पटक बैठक बोलाइए पनि एमाले सांसद्को विरोधका कारण स्थगित हुँदै आएको छ । आइतबारको बैंठक पनि एमालेका सांसदहरुको नाराबाजी पछि स्थगित भएको छ ।



असार १३ गते आह्वान गरिएको बैठकमा बजेटको विषयमा आपत्ति जनाउँदै बिरोध गरेपछि बैठक अघि बढ्न सकेको थिएन । त्यसपछि अवरुद्ध संसद् बैठक आइतबारको लागि आह्वान गरिएको थियो । एमालेले सरकारले लिखित जवाफ नदिँदासम्म बैठक चल्न नदिने अडान लिदै आइतबार पनि बैंठक अगाडि बढ्न सकेन । सांसदहरु रोष्टम अगाडि उभिएर नाराबाजी गर्दै विरोध जनाएका थिए । अर्थमन्त्री धनबहादुर मास्कीले सदनमा आर्थिक वर्ष २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि सैद्धान्तिक छलफलको प्रस्ताव पेश गरेका थिए । मन्त्री मास्की बोल्दै गर्दा एमाले सांसदहरु रोष्ट्रम घेराउ गर्न पुगेका थिए । अवरोधका कारण प्रदेशसभा बैठक पुन: स्थगित भएको छ । बैठक आज (सोमबार) दिउँसो १ बजे बस्ने गरी बैठक स्थगित गरिएको सभामुख तुलाराम घर्तीले जानकारी दिए । विपक्षी दल एमालेले मुख्यमन्त्री कार्यालयमा शीर्षक नखुलाई एकमुष्ठ दुई अर्ब बजेट छुट्याएको, प्रदेश बिना कारण निर्देशनालयहरू खारेज गरेको, बहुवर्षीय र क्रमागत योजनाको बजेट कटौती गरेको र आफू अनुकूलका मात्रै बजेट विनियोजन गरेकोप्रति आपत्ति जनाउँदै आएको छ । असार १ गते अर्थमन्त्री मास्केले ४० अर्ब ४७ करोड ८९ लाख बराबरको बजेट प्रदेशसभामा पेस गरेका थिए । त्यति बेला पनि सहमति जुट्न सकेन । असार १० गते बजेटमाथि छलफल गर्ने गरी आह्वान गरिएको प्रदेशसभा बैठक आन्तरिक तयारी नपुगेको भन्दै सूचना टाँसेर स्थगित भएको थियो । त्यसपछि असार १३ गते बैठक बसेको थियो । बैठकपछि प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले बजेट नीति र सिद्धान्त विपरीत भएको भन्दै विरोध गरे थियो । बजेटबारे सहमति नजुट्दा बजेट पेश भएको दुई साता नाघिसक्दा पनि छलफल अगाडि बढ्न सकेको छैन ।

# मुट्ठीदानबाट रामपुरको...

...यहाँ पठन-पाठन गर्न देशका विभिन्न जिल्लाका विद्यार्थी आउने गरेका छन् । हाल विद्यालयमा छात्र ८१, छात्रा एक सय ३२ गरी जम्मा दुई सय १३ विद्यार्थी अध्ययनरत छन् । जिल्ला बाहिरका ८२ र स्थानीय एक सय ३१ विद्यार्थी शैक्षिक सत्रमा भर्ना भई अध्ययनरत रहेको विद्यालयले जनाएको छ । छात्रावासमा जिल्ला बाहिरबाट आएका ८२ विद्यार्थी रहेका विद्यालयका लेखापाल महम्मद अलीले बताए । उनका अनुसार यहाँ नेपालगञ्ज, रुपन्देही, वीरगञ्ज, सुनसरी, भैरहवा, कैलाली, नवलपुर, तनहुँलगायत जिल्लाका विद्यार्थी छात्रावासमा बसेर अध्ययन गरिरहेका छन् । नेपाली भाषा प्रष्ट पढ्न पाइने, धार्मिक पढाइ हुने, नेपाल सरकारका सबै विषय पठन-पाठन हुने भएकाले बाहिरबाट यहाँ पढ्न आउनेको आकर्षण बढेको अलीको भनाइ थियो । विद्यालयको प्रयाप्त आयस्रोत केही नभए पनि मुट्ठीदान र चन्दाकै भरमा गुणस्तरिय शिक्षा प्रदान भइरहेकाले बाहिरी जिल्लाका धेरै विद्यार्थी पढ्न सम्पर्कमा आउने गरेको उनले जानकारी दिए ।

उनका अनुसार सरकारले अनिवार्य गरेका सबै विषयसहित उर्दु, अरेबिक, दिनियाँत (नैतिक शिक्षा), कुरान, कम्प्युटर विषय समेत पठनपाठन हुने गरेको छ । अन्य विद्यालयमा शनिबार बिदा हुने गरेकामा यहाँ शुक्रबार हप्तामा एक दिन बिदा दिने गरिएको विद्यालयले जनाएको छ । विसं २०५५ मा तत्कालीन जिल्ला शिक्षा कार्यालय पाल्पाबाट स्वीकृति लिएर कक्षा १ देखि ५ सम्म सञ्चालन गरिएको थियो । विसं २०६० मा छिमेकी सीताराम माध्यमिक विद्यालयसँग समन्वय गरेर कक्षा ७ सम्म सञ्चालन गरिएको थियो । विसं २०६८ मा कक्षा ६ देखि ८ सम्म विद्यालयले अनुमति लिएर आफ्नै भवनबाट कक्षा सुरु गरेको हो । कक्षा ९ देखि १० सम्म पठनपाठनका लागि प्रक्रिया पूरा भइसकेको हुँदा अनुमति पाएलगत्तै छिट्टै सञ्चालनको तयारी भइरहेको विद्यालयका सहायक प्रधानाध्यापक मोहम्मद सलिमले जानकारी दिए । उनका अनुसार यहाँ साँढे दुई वर्ष उमेरदेखिका बालबालिका पढिरहेका छन् । रामपुरमा मदरसा स्थापना नहुँदा यस क्षेत्रका मुस्लिम समुदायका विद्यार्थी विराटनगर, भारतको आजमघट, बिहारमा गएर पढ्नुपर्ने अवस्था थियो । यस क्षेत्रमा मदरसा खुलेपछि रामपुरका मात्र नभइ छिमेकी जिल्ला तनहुँ, स्याङ्जा, नवलपुर क्षेत्रका मुस्लिम समुदायका विद्यार्थीलाई पठनपाठनमा धेरै सजिलो भएको छ । विद्यालयको नाममा पाँच रोपनी जग्गा छ । हाल साँढे दुई रोपनी जग्गामा विद्यालय सञ्चालन भइरहेको छ ।

## खेलकुद समाचार

# करौंते खेलाडी सुमनलाई अमेरिकामा स्वर्ण



**काठमाडौं,** असार १७/नेपाली कराँते खेलाडी सुमन तिमल्सिनाले यूएस ओपन आईएसकेए विश्व मार्सल आर्टस च्याम्पियनसिपमा स्वर्ण पदक जितेका छन् । सुमनले सिनियर पुरुष एकल कातामा स्वर्ण पदक जितेका हुन् ।

इन्टरनेसनल स्पोर्टस कराँते एसोसिएसन आईएसकेए यूएसएको आयोजनामा फ्लोरिडामा भएको प्रतियोगितामा सुमनले २९.९५ अंक जोडेका थिए । प्रतियोगितामा ग्वाटेमालाका खेलाडी दोश्रो तथा जर्मनी र अमेरिकाका खेलाडी तेश्रो भए । सुमनले प्रतिस्पर्धा गरेको स्पर्धामा विभिन्न राष्ट्रका १२ जना खेलाडी सहभागी थिए । प्रतियोगिता जुन २९ देखि जुलाई १ तारिखसम्म भएको थियो । सुमनले यसअघि बंगलादेशमा भएको तेश्रो कन्टिनेन्टल एसियाली कराँतेमा स्वर्ण र श्रीलंकामा भएको प्रथम अन्तर्राष्ट्रिय कराँतेमा स्वर्ण पदक जितेका थिए । यसैगरी उनले भारतमा भएको छैटौं एसियाली गोजुरियो कराँतेमा रजत, मलेसियामा भएको प्रथम एसियाली प्यासिफिक गोजुरियो कराँतेमा कांस्य, जर्मनीमा भएको चेम्निज ओपन कराँतेमा स्वर्ण र टोरोन्टो अन्तर्राष्ट्रिय मार्सल आर्टस ई-कातमा स्वर्ण पदक जितेका थिए ।


वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## कर्पोरेट/अर्थ समाचार

# भारतले पठायो पेट्रोलियम पदार्थको नयाँ मूल्यसूची



**पाल्पा,** असार १७/भारतीय आयल कर्पोरेसनले पेट्रोलियम पदार्थको नयाँ मूल्य सूची पठाएको छ । इण्डियन आयल कर्पोरेशनले हरेक १५ दिनमा नेपाल आयल निगमलाई पठाउने व्यवस्था अनुसार नयाँ नेपाल आयल निगमलाई नयाँ मूल्य सूची पठाएको हो ।

आईओसीले यो पटक पठाएको मूल्यसूची अनुसार पेट्रोल प्रतिलिटर १४ पैसा घटेर आएको छ भने डिजल २ रुपैयाँ १६ पैसा बढेर आएको छ । त्यस्तै खाना पकाउने एलपी ग्यासको मूल्य प्रतिसिलिण्डर १ सय ६१ रुपैयाँ घटेर आएको निगमले जनाएको छ । ग्याँसको मूल्य घटेर आएपछि निगमलाई ग्याँसमा अब नोक्सानी नरहेको निगमले जनाएको छ । नेपाल आयल निगमलाई आईओसीले १५/१५ दिनमा इन्धनको नयाँ मूल्य सूची पठाउँदै आएको छ । नेपाल आयल निगम हाल नाफामा छ । निगमलाई अब पेट्रोलमा प्रतिलिटर १२ रुपैयाँ, ग्याँसमा प्रतिसिलिण्डर ७ रुपैयाँ, डिजेलमा १३ रुपैयाँ नाफा रहेको छ । त्यस्तै मट्टितेलमा भने प्रतिलिटर २७ रुपैयाँ नाफा छ । हवाई इन्धनमा निगम आन्तरिकतर्फ प्रतिलिटर ३७ र बाह्यतर्फ ५७ रुपैयाँ नाफामा छ । नेपाल आयल निगमले भारतीय आयल कर्पोरेसन (आईओसी)को सबै ऋण चुक्ता गरेको छ ।

९ महिना अघिसम्म २० अर्बभन्दा बढी बक्यौता रहेको निगमले क्रमश: नाफाबाट सबै चुक्ता गरेको हो । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य घट्दै जाँदा पनि निगमले आईओसीको 'बक्यौता'लाई कारण देखाउँदै नेपालमा सो अनुसार मूल्य घटाएको थिएन । उपभोक्तालाई मूल्यमा भार पारेर निगमले अन्तत: आईओसीको सबै बक्यौता चुक्ता गरेको हो ।


व्यवसायिक कृषिले बनाउँछ सुखी

- निर्वाहमुखी कृषि प्रणालीमा सुधार गरी व्यवसायिक कृषिको प्रारम्भ गरौं,
- खेतीयोग्य जमिन बाँझो नराखौं,
- लाखौं खर्च गरेर विदेशिनुको सट्टा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,
- व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई